मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
स्ट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
स्ट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेसनल माउन्टेन म्युजियम, पश्चिमा क्याञ्जन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १०३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख १६ गते बुधवार ❑ 29 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## नर्सिङ र एचए पढाउने गण्डकी प्रदेश सरकारको तयारी

पोखरापत्र संवाददाता
पोखरा, १५ बैशाख

प्रक्रियागत ढिलाइका कारण गत वर्ष सुरु हुन नसकेको प्रवीणता प्रमाणपत्र तहको एचए र स्टाफ नर्स विषयको पढाइ यस वर्षदेखि सञ्चालन गर्न गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालयले तयारी अगाडि बढाएको छ।

गत असार १६ गते प्रदेश मन्त्रिपरिषद् बैठकले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटीइभिटी) सँगको सहकार्यमा गोरखाको आँपपिपल अस्पतालमा एचए र बागलुङको धवलागिरि अस्पतालमा स्टाफ नर्स विषयको पढाइ सुरु गर्ने निर्णय गरेको थियो। स्वास्थ्यमन्त्री लक्ष्मणबहादुर पाण्डेसहित मन्त्रालयका पदाधिकारी, पूर्वस्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठक, सम्बन्धित अस्पताल र 'सिटीइभिटी'का प्रतिनिधिसहित सोमबार मन्त्रालयमा बसेको संयुक्त बैठकले एचए र स्टाफ नर्सको पढाइ सञ्चालनका लागि तदारुकताका साथ तयारी अगाडि बढाउने निर्णय गरेको मन्त्रालयका अतिरिक्त प्रदेश सचिव खिमबहादुर खड्काले बताउनुभयो। "गत वर्ष नै पढाइ सञ्चालन गर्ने तयारी थियो, अनुमति लिने प्रक्रिया लम्बिएकाले सुरु हुन सकेन", उहाँले भन्नुभयो, "मन्त्रालय र सिटीइभिटीबीच तत्काल प्रक्रिया अगाडि बढाउने निर्णय भएको छ, हामी त्यसमै लागिपरिरहेका छौँ।"

'सिटीइभिटी' गण्डकी प्रदेश कार्यालयका प्रमुख शारदा घिमिरेले परिषद्को आगामी बैठकमा प्रस्ताव पेस गर्नेगरी तयारी भइरहेको बताउनुभयो। शिक्षामन्त्रीको अध्यक्षतामा रहेको परिषद्ले अनुमति दिने निर्णय गरेपछि पढाइ सञ्चालन हुने उहाँको भनाइ छ। "प्रस्ताव तयार छ, परिषद्को आगामी बैठकमा पेस हुन्छ", प्रमुख घिमिरेले भन्नुभयो, "स्टाफ नर्स र एचए पढाउन सिटीइभिटी र प्रदेश सरकार तयारी अवस्थामा छ।" गण्डकी प्रदेशसभा सदस्य तथा पूर्वस्वास्थ्यमन्त्री पाठकले माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजालगत्तै सञ्चालन गर्नेगरी प्रदेश सरकारले पूर्वाधार तथा स्रोत व्यवस्थापनको काम गरिसकेको बताउनुभयो। स्वास्थ्य मन्त्रालय र सिटीइभिटीले आवश्यक बजेटसमेत विनियोजन गरेको उहाँको भनाइ छ। परिषद् बैठकबाट अनुमतिप्राप्त भएपछि सिट निर्धारण हुने उहाँले बताउनुभयो। मन्त्रालयले अनुमति लिने प्रक्रियासँगै पढाइ सञ्चालनका लागि प्राविधिक र व्यवस्थापकीय तयारीलाई तीव्रता दिएको छ। दुवै अस्पतालमा भौतिक पूर्वाधारदेखि र मानवसंशाधनको उपलब्धता रहेकाले पढाइ सुरु गर्न कुनै समस्या नरहेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयले धवलागिरि प्रादेशिक अस्पताललाई गत वर्ष सय शय्यामा स्तरोन्नति गरेपछि स्टाफ नर्स पढाउने बाटो खुलेको थियो। एचए पढाउने तयारी भइरहेको गोरखाको आँपपिपल अस्पताल पनि अहिले ५० शय्यामा स्तरोन्नति गरिएको छ। स्टाफ नर्सका लागि बागलुङ नगरपालिका-१४ स्थित 'सिटीइभिटी'को भवनमा सैद्धान्तिक विषयको पढाइ र व्याबहारिक अभ्यास धवलागिरि अस्पतालमा गर्नेगरी तयारी गरिएको छ। गोरखाको आँपपिपल अस्पतालमा एचए पठनपाठनका लागि भने केही पूर्वाधार थप्नुपर्ने आवश्यकता रहेको जनाइएको छ। पालुङटार नगरपालिकाअन्तर्गत रहेको उक्त अस्पताल गत वर्षमात्र प्रदेश सरकारमातहत ल्याइएको थियो। यी अस्पतालमा स्टाफ नर्स र एचए विषयको पढाइ सुरु भएमा स्वास्थ्य क्षेत्रमा जनशक्ति उत्पादनका दृष्टिले महत्वपूर्ण उपलब्धि हुने विश्वास लिइएको थियो।

प्राविधिक विषयको पढाइ सुरु गर्ने विषयमा सिटीइभिटीको उच्च नेतृत्वसँग मुख्यमन्त्री र मन्त्रालयतहबाट भएको पटकपटकको छलफलपछि प्रदेश सरकारले उक्त निर्णय गरेको थियो। न्यून आय भएका र सीमान्तकृत समुदायका विद्यार्थीलाई प्रदेश सरकारबाट पूर्ण छात्रवृत्तिको सुविधासमेत दिनेगरी तयारी गरिएको छ। पछिल्लो समय स्वास्थ्य क्षेत्रमा प्राविधिक विषय पढ्ने विद्यार्थीको सङ्ख्या घट्दै गएकामा यी विषयको अध्ययन/अध्यापनमा जोड दिइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। जिल्लास्तरमा नर्सिङ, स्टाफ नर्सलगायत चिकित्सा विषयको पढाइ नहुँदा ग्रामीण भेगका विद्यार्थी ठूलो रकम खर्चेर पोखरालगायत ठूला सहरमा जानुपर्ने बाध्यता छ।

## अध्यादेशमार्फत कानुन निर्माणप्रति कांग्रेसको ध्यानाकर्षण

रासस
काठमाडौं, १५ बैशाख

नेपाली कांग्रेसले सरकारले संसद् स्थगित गरी अध्यादेशमार्फत कानुन निर्माण गर्ने कदमप्रति ध्यानाकर्षण भएको जनाएको छ।

कांग्रेस प्रवक्ता देवराज चालिसेले मंगलबार विज्ञप्ति जारी गरी संसद् स्थगित गरेर अध्यादेशमार्फत कानुन निर्माण गर्ने अभ्यास लोकतान्त्रिक मूल्य, संसदीय मर्यादा र संवैधानिक प्रक्रियाको दृष्टिले सही नहुने बताउनुभयो। सरकारको उक्त निर्णय प्रक्रियागत त्रुटि नभई व्यवस्थापिकाको विधायी अधिकारमाथि कार्यपालिकाको स्पष्ट उलङ्घन भएको कांग्रेसले बताएको छ।

प्रवक्ता चालिसेले यस्ता खाले प्रवृत्तिले विधिको शासनको आधारभूत मर्मलाई कमजोर बनाएको र सरकारको संसदप्रतिको अविश्वासलाई उजागर गरेको बताउनुभयो।

सदनमा स्पष्ट बहुमत हुँदाहुँदै बारम्बार अध्यादेशको बाटो रोज्नु शक्ति केन्द्रीकरणतर्फको खतरनाक सङ्केत भएको कांग्रेसले जनाएको छ। "यसले निर्णय प्रक्रियालाई सीमित व्यक्तिहरूमा केन्द्रित गरी प्रणालीलाई कमजोर बनाउने, विपक्षी सहभागिता बिना एकतर्फी नियुक्तिको सम्भावना बढाउने तथा संवैधानिक निकायको स्वतन्त्रता, निष्पक्षता र विश्वसनीयतामाथि प्रतिकूल प्रभाव पार्ने देखिन्छ," कांग्रेसद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

कांग्रेसले सरकारलाई लोकतान्त्रिक मूल्य, संसदीय अभ्यास र संवैधानिक मर्यादाप्रति पूर्ण प्रतिबद्ध रहन, संसद्को भूमिका र गरिमाको सम्मान गर्न तथा यस्ता कदमहरू तत्काल पुनःविचार गर्न आग्रह गरेको छ।

## गण्डकीमा ७१ गर्भवती र सुत्केरीको हवाई उद्धार

पोखरापत्र संवाददाता
पोखरा, १५ बैशाख

गण्डकी प्रदेश सरकारले सञ्चालन गरेको गर्भवती र सुत्केरीको निःशुल्क हवाई उद्धार कार्यक्रमबाट हालसम्म प्रदेशका सात जिल्लाका ७१ जना लाभान्वित भएका छन्।

स्थानीयस्तरमा उपचार सम्भव नभएका र ज्यान जोखिममा परेका महिलाहरूका लागि प्रदेश सरकारले विसं २०७६ देखि निःशुल्क हवाई उद्धार सेवा सुरु गरेको थियो। सरकारले गर्भवती र २८ दिनसम्मको नवजात शिशुको स्वास्थ्यमा जटिलता उत्पन्न भएमा अवस्था हेरर हेली उद्धार गरेर सुविधासम्पन्न अस्पतालमा उपचारको लागि यो कार्यक्रम ल्याएको हो। दुर्गम क्षेत्रका नजिकको स्वास्थ्य संस्थाले दिएको सिफारिसका आधारमा उद्धार हुने गरेको छ। स्वास्थ्य मन्त्रालयका मेडिकल रेकर्ड निरीक्षक बुद्धिसागर अधिकारीले विसं २०७६ अघि चार जना, विसं २०७६ मा १० जना, विसं २०७७ मा ३३, विसं २०७८ मा आठ जना, विसं २०७९ मा पाँच, २०८० मा चार, विसं २०८१ मा एक जना र विसं २०८२ मा ६ जनाले सेवा लिएको जानकारी दिनुभयो। यो सेवा सबैभन्दा बढी लिनेमा बागलुङका ३० महिला रहेका छन्।

यसैगरी म्याग्दीका १८, गोरखाका छ, मुस्ताङका पाँच, लमजुङका चार र पर्वत र मनाङका दुई दुई जना छन्। दुर्गम क्षेत्रमा निःशुल्क हवाई उद्धार कार्यक्रम प्रभावकारी बनेको अधिकारीले बताउनुभयो। उहाँले पछिल्लो समय हवाई उद्धार गर्नुपर्ने अवस्था भने कम भएको बताउनुभयो। "जिल्ला अस्पतालबाहेक पालिकासम्म पनि विशेषज्ञ चिकित्सक सेवा सुरु भएको छ। अस्पतालहरूको स्तरोन्नतिका कारणले समेत गाउँमै राम्रो उपचार सेवा कारण उद्धार गर्नुपर्ने घटना कम हुँदै गएको हो", उहाँले भन्नुभयो।

गण्डकी प्रदेश सरकारबाहेक सङ्घीय सरकारले समेत हवाई उद्धार कार्यक्रम सञ्चालन गरिरहेको छ। सङ्घीय सरकारले तोकिएको दुर्गम क्षेत्रबाट मात्र हवाई उद्धार सेवा प्रदान गरेपनि गण्डकी प्रदेश सरकारले भने प्रदेशको जुनसुकै स्थानबाट समेत उद्धारको प्रबन्ध गरेको छ।

## टान गण्डकीले पदयात्रा पर्यटन क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन माग

पोखरापत्र संवाददाता
पोखरा, १५ बैशाख

ट्रेकिङ एजेन्सीज् एशोसिएसन अफ नेपाल (टान) गण्डकीले पदयात्रा पर्यटन क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन माग गरेको छ।

टान गण्डकीका अध्यक्ष कृष्ण प्रसाद आचार्य नेतृत्वको टोलीले गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्री यशोदा रिमाल समक्ष ध्यानाकर्षण पत्र बुझाउँदै अन्नपूर्ण क्षेत्रसहितका प्रमुख पदमार्गहरूमा देखिएका समस्या समाधानका लागि प्रभावकारी कदम चाल्न आग्रह गर्दै पदयात्रा पर्यटन क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन माग गर्नु भएको हो। तत्काल सबै टिम्स चेकपोष्टहरू सञ्चालनमा ल्याई अनिवार्य गर्न गण्डकी प्रदेश सरकारसँग टान गण्डकीले जोडदार माग गरेको छ। ज्ञापनपत्रमा पदयात्रा पर्यटन क्षेत्रमा पछिल्लो समय विभिन्न चुनौतीहरू थपिँदै गएको उल्लेख गरिएको छ। विशेष गरी पदमार्गहरू मोटर बाटोले विस्थापित हुँदै जानु, बिना अनुमति पदयात्रा सञ्चालन हुनु तथा विदेशी गाइडहरूको अनियमित गतिविधिका कारण समग्र पर्यटन क्षेत्रमा नकारात्मक असर परेको अध्यक्ष आचार्यले जनाउनु भयो। टानले पदयात्री सूचना व्यवस्थापन प्रणाली पूर्ण रूपमा कार्यान्वयन हुन नसक्दा राज्यले ठूलो परिमाणमा राजस्व गुमाइरहेको उल्लेख गर्दै सबै चेकपोष्टहरू तत्काल सञ्चालनमा ल्याई अनिवार्य गर्नुपर्ने माग राखेको हो। यसले पदयात्रालाई सुरक्षित, व्यवस्थित र अभिलेखीकरणयुक्त बनाउने विश्वास पनि व्यक्त गरिएको छ।

त्यस्तै, पदमार्गमा आधारभूत सुविधा, सुरक्षा व्यवस्था तथा सूचना केन्द्रहरूको अभाव रहेको भन्दै पूर्वाधार विकासमा सरकारी लगानी वृद्धि गर्नुपर्ने आवश्यकता औंल्याइएको छ। अन्तर्राष्ट्रिय स्तरमा प्रभावकारी प्रचार-प्रसार अभावका कारण नेपालको पदयात्रा पर्यटन अपेक्षित रूपमा प्रवर्द्धन हुन नसकेको भन्दै डिजिटल माध्यममार्फत प्रचारलाई तीव्र बनाउन पनि टान गण्डकीले सुझाव दिएको छ।

अध्यक्ष आचार्यले पदयात्रा पर्यटन नेपालको प्रमुख आयस्रोत भएको उल्लेख गर्दै यसको दिगो विकासका लागि सरकार, निजी क्षेत्र र सरोकारवालाबीच समन्वय अपरिहार्य रहेको बताउनु भयो।

मन्त्री रिमालले पर्यटन क्षेत्रको विकासका लागि सम्बन्धित संघसंस्थाहरूसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। संघीय संरचनाअनुसार प्रदेश सरकारले अझै आवश्यक अधिकार पूर्ण रूपमा नपाउँदा काम गर्न केही कठिनाइ भएको उहाँले जनाउनु भयो।

## दयाशङ्कर पत्रकारिता सम्मान पत्रकारद्वय बस्नेत र बराललाई

पोखरापत्र संवाददाता
पोखरा, १५ बैशाख

नेपाल पत्रकार महासङ्घ कास्कीद्वारा सञ्चालित एवं दयाशङ्कर पालिखेको परिवारद्वारा स्थापित प्रजातन्त्र सेनानी दयाशङ्कर पालिखे पत्रकारिता सम्मानबाट राससका वरिष्ठ सम्पादक सूर्यचन्द्र बस्नेत र बिबिसी नेपाली सेवामा कार्यरत पत्रकार कृष्णमणि बराललाई सम्मान गरिने भएको छ।

प्रतिभा छनोट समितिले २०८१ बाट पत्रकार बस्नेत र २०८२ बाट पत्रकार बराललाई सम्मान गर्ने गरेको सिफारिसलाई सोमबार नेपाल पत्रकार महासङ्घ कास्कीका अध्यक्ष माधवप्रसाद बरालको अध्यक्षतामा बसेको बैठकले अनुमोदन गरेको हो।



सम्मानित पत्रकारद्वयलाई जनही एक लाख एक हजार १११ रुपैयाँ नगद, दोसल्ला र सम्मानपत्र प्रदान गरिने छ। उहाँहरूलाई यही वैशाख २२ गते दयाशङ्कर पालिखेको स्मृति दिवसका अवसरमा सम्मान गरिने पत्रकार महासङ्घ कास्कीका सचिव भूपाल गुरुङले जानकारी दिनुभयो। प्रतिभा छनोट समितिमा पत्रकार महासङ्घ कास्कीका पूर्वअध्यक्ष तथा प्रेस स्वतन्त्रता सेनानी रवीन्द्रनाथ बास्तोला, प्रेस स्वतन्त्रता सेनानी नवराज सुवेदी, पत्रकार महासङ्घ कास्कीका पूर्वअध्यक्ष रामकृष्ण ज्ञवाली र पत्रकार महासङ्घ कास्कीका अध्यक्ष माधवप्रसाद बराल र सचिव भूपाल गुरुङ सदस्य रहेका थिए। तनहुँको व्यास नगरपालिका-२ दमौलीमा जन्मनुभएका बस्नेत विगत ३० वर्षदेखि पत्रकारितामा सक्रिय हुनुहुन्छ। राष्ट्रिय समाचार समितिमा वरिष्ठ सम्पादकको रुपमा कार्यरत उहाँले यसअघि राष्ट्रपुकार साप्ताहिक, हिमालय टाइम्स, नेपाल समाचारपत्र र आदर्श समाज दैनिकमा पनि काम गर्नुभएको थियो। त्यस्तै पोखरा महानगरपालिका-७ नुवारथोकमा जन्मनुभएका बराल २०५५ सालदेखि पत्रकारितामा सक्रिय हुनुहुन्छ। बिबिसी नेपाली सेवा, अन्नपूर्ण पोस्ट दैनिक र इनेचर न्युज डटकममा कार्यरत उहाँले दी हिमालय टाइम्स, समाधान दैनिक, देशान्तर साप्ताहिक, नेपाली टाइम्स पनि काम गर्नुभएको थियो। उहाँहरूलाई पत्रकारितामार्फत समाज, राष्ट्र र लोकतन्त्रमा पुऱ्याएको योगदानस्वरुप सम्मान गर्न लागिएको अध्यक्ष बरालले जानकारी दिनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बेगनास तालमा वार्षिक चार लाख माछाका भुरा छाडिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख



कास्कीको दोस्रो ठूलो बेगनास ताल मा जलारी समुदायको जीविकोपार्जन सुदृढ गर्ने उद्देश्यले माछाका भुरा छाड्ने कार्यलाई निरन्तरता दिइएको छ। यसैक्रममा चालु आर्थिक वर्षको प्रारम्भिक चरणमा विभिन्न प्रजातिका करिब तीन हजार माछाका भुरा तालमा छोडिएको छ भने वार्षिक रूपमा यहाँ करिब चार लाख भुरा छाडिँदै आएको छ।

बेगनासताल मत्स्य व्यवसायी समितिको आयोजना तथा पोखरा महानगरपालिका वडा नं ३१ को आर्थिक सहयोगमा सम्पन्न कार्यक्रममा १०० देखि ३०० ग्राम तौलका करिब ४२५ केजी माछा तालमा छाडिएको हो। माछाको संख्या र तौल दुवैलाई ध्यानमा राख्दै तालको उत्पादन क्षमता बढाउने र स्थानीय माछा व्यवसायलाई थप मजबुत बनाउने लक्ष्य लिइएको समितिले जनाएको छ।

कार्यक्रममा बोल्दै वडा अध्यक्ष ढकनाथ कडेल ले बेगनासताललाई आन्तरिक तथा बाह्य पर्यटनको महत्वपूर्ण गन्तव्यका रूपमा विकास गर्न महानगरले नयाँ योजना ल्याउने तयारी गरिरहेको जानकारी दिए। उनले ताल वरपर बसोबास गर्दै आएका जलारी समुदायको जीवनस्तर उकास्न माछापालनलाई नीतिगत रूपमा अघि बढाउनुपर्नेमा जोड दिए।

उनका अनुसार बेगनास ताललाई सहकारी अवधारणामा आधारित बनाउँदै स्थानीय बासिन्दासँग समन्वय गरेर सञ्चालन गर्न सकिएमा माछा उत्पादन, व्यवस्थापन र बजारिकरणमा समेत सुधार आउनेछ। साथै, माछा मार्ने पेशालाई व्यवस्थित र दिगो बनाउन व्यवसायीहरूलाई स्थानीय तहमा दर्ता भई करको दायरामा आउन उनले आग्रह गरे। कार्यक्रमका क्रममा मत्स्य व्यवसायी समिति बेगनासका अध्यक्ष ज्ञानु जलारीले ताल वरपर बसोबास गर्ने करिब ६० घरधुरीका दुई सयभन्दा बढी व्यक्तिको मुख्य जीविकोपार्जन माछा मार्ने पेशामा आधारित रहेको बताए। उनले पछिल्लो समय विकास निर्माणका नाममा भइरहेका गतिविधिहरूले परम्परागत पेशामा असर पर्ने चिन्ता व्यक्त गरे। "हाम्रो पुस्तौँदेखिको पेशा माछा मार्ने हो, तर अहिले विभिन्न विकासका योजनाले हाम्रो पेशा नै संकटमा पर्ने हो कि भन्ने डर बढेको छ," उनले भने। त्यस्तै, कार्यक्रममा पूर्व अध्यक्ष झलक जलारी र निवर्तमान अध्यक्ष राजेन्द्र जलारीले माछा बिक्रीबाट संकलित कोषको रकम प्रयोग गरी प्रत्येक वर्ष करिब २० देखि २२ लाख रुपैयाँ बराबरका माछाका भुरा छाडिँदै आएको जानकारी दिए। उनीहरूका अनुसार यस वर्ष वडा नं ३१ को दुई लाख रुपैयाँ आर्थिक सहयोगले कार्यक्रमलाई थप प्रभावकारी बनाउन सहयोग पुगेको छ। उनीहरूले आगामी दिनमा पनि स्थानीय सरकार तथा सरोकारवाला निकायबाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा व्यक्त गर्दै माछा उत्पादन वृद्धि, तालको संरक्षण तथा जलारी समुदायको पेशागत सुरक्षामा सबैको ध्यान जानुपर्ने बताए।

बेगनास तालमा माछाका भुरा छाड्ने कार्यले एकातर्फ तालको जैविक विविधता संरक्षणमा सहयोग पुऱ्याएको छ भने अर्कोतर्फ स्थानीय समुदायको आयआर्जन बढाउन महत्वपूर्ण भूमिका खेल्दै आएको छ। सरोकारवालाहरूका अनुसार यस्ता कार्यक्रमलाई दिगो रूपमा सञ्चालन गर्न सकेमा बेगनास ताल क्षेत्रलाई मत्स्य उत्पादन तथा पर्यटनको केन्द्रका रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ।



खरबुजाः कास्कीको पोखरा महानगरपालिका-१७ विरुवाफाँटका किसान रुद्रबहादुर थापाले गर्नुभएको खरबुजा खेतीमा फलेको खरबुजा। भारतीय सेनाबाट अवकाश लिएपछि उहाँले परीक्षणका लागि लगाउनु भएको २५० बोट खरबुजाले राम्रो आम्दानी दिएकाले बिक्रीबाट रु ८० हजार आम्दानी हुने थापाले बताउनु हुन्छ। तस्बिरः हरिप्रसाद बाँस्तोला /रासस

# माछापुच्छ्रे गाउँपालिकाको तयार भयो प्रशासकीय भवन

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

कास्कीको माछापुच्छ्रे गाउँपालिकाको सुविधा सम्पन्न प्रशासकीय भवन निर्माण सम्पन्न भएको छ। पालिकाको केन्द्र लाहाचोकस्थित सानोपाटन( साहुथर)मा १० रोपनी जमिनमा गाउँपालिकाले प्रशासकीय भवन निर्माण गरेको हो।

गाउँपालिकाले आजदेखि नवनिर्मित भवनबाट सेवा दिन सुरु गरेको प्रमुख प्रशासकीय अधिकृत केशव सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार सुविधासम्पन्न भवनमा पालिकाको सेवा सरेसँगै सेवाप्रवाहमा सहज हुने विश्वास गरिएको छ। "पुरानो भवन र साँघुरा कोठाबाट सेवा दिनुपर्ने बाध्यता अब अन्त्य भएको छ। सुविधासम्पन्न भवनले अब सेवाग्राहीलाई पनि सजिलो भयो, हामीलाई पनि काम गर्न सजिलो भयो", प्रमुख प्रशासकीय अधिकृत सुवेदीले भन्नुभयो। गाउँपालिकाले साविक लाहाचोक गाविस रहेको भवनबाट सेवा दिँदै आएको थियो। पालिका नयाँ भवनमा सरेसँगै वडा कार्यालयले फराकिलो स्थानबाट काम गर्नेछ। यससँगै स्वास्थ्य प्रवर्द्धन केन्द्रलाई सहज हुनेछ। गाउँपालिकाको तीन तलाको नवनिर्मित भवनको पहिलो तलामा शिक्षा, स्वास्थ्य, महिला बालबालिकालगायत विषयगत शाखाका कार्यालय रहनेछन्। दोस्रो तला योजना, पूर्वाधार, सूचना प्रविधि, आर्थिक प्रशासन, प्रशासन र प्रमुख प्रशासकीय अधिकृतको कार्यालय रहनेछ। तेस्रो तलामा अध्यक्ष/उपाध्यक्षको कार्यकक्षसहित, कार्यपालिका बैठक कक्ष, सभाहल र न्यायिक समितिको कार्यकक्ष रहनेछ।

गाउँपालिकाको भवन निर्माणका लागि विसं २०७७ मा नयाँ बाटो/जिएस इन्जिनियरिङ जेभीसँग रु छ करोड ६२ लाख ११ हजार ९०६ लागतमा ठेक्का सम्झौता भएको थियो। तोकिएको समयभन्दा चार वर्ष ढिलागरी भवन निर्माण गरिएको हो। गाउँपालिका भवनका लागि स्थानीयवासीले जमिन उपलब्ध गराएका थिए। निर्माण कम्पनीको ढिलासुस्ती, स्थानीयस्तरमा उत्पन्न विवाद र प्राविधिक समस्या उत्पन्न हुनुलगायतले ढिलाइ भएको पालिकाले जनाएको छ। पालिकाको भवन निर्माणका लागि जिल्ला समन्वय समिति कास्कीको मौज्दात कोषको रु दुई करोड ५० लाख र प्रदेश सरकारको रु ५० लाख लगानी गरेका थिए। बाँकी रकम पालिकाले आन्तरिक स्रोतबाट लगानी गरेको हो।

गाउँपालिका उपाध्यक्ष सीता अधिकारीले साँघुरो भवनबाट सेवा दिँदा अप्ठ्यारो भएकामा सुविधासम्पन्न भवन निर्माणपछि सेवा प्रवाहमा सहज र सुधार हुने बताउनुभयो। "पुरानो भवनमा पर्याप्त ठाउँ नहुँदा राम्रोसँग कुर्सी टेबलसमेत राख्न सकिने अवस्था थिएन। अहिले सुविधासम्पन्न भवन बनाएर नयाँ भवनबाट सेवा सुरु गरेका छौँ। गाउँपालिकाको प्रशासनिकसहित विषयगत शाखा कार्यालयको सेवा पनि एकैथलोबाट प्रवाह हुनेछ। सेवा प्रवाह छिटो, प्रभावकारी, व्यवस्थित र पारदर्शी हुनेछ", उहाँले भन्नुभयो।

# पत्रकार महासंघकाद्वारा पालिकालाई ज्ञापनपत्र

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

सरकारी सञ्चारमाध्यमलाई मात्र विज्ञापन दिने सङ्घ सरकारको निर्णय कार्यान्वयन नगर्न माग गर्दै नेपाल पत्रकार महासङ्घअन्तर्गत गण्डकी प्रदेशमा रहेका जिल्ला शाखाहरूले आज स्थानीय तहलाई ज्ञापनपत्र बुझाएका छन्।

निजी सञ्चारमाध्यममा सरकारी विज्ञापन रोक लगाउने निर्णय फिर्ताको मागसहित महासङ्घले देशव्यापी रूपमा सुरु गरेको दबाबमूलक अभियानअन्तर्गत जिल्ला समन्वय समितिमार्फत जिल्लाका स्थानीय तहलाई ज्ञापनपत्र पठाइएको हो। महासङ्घ कास्कीका अध्यक्ष माधव बरालले महासङ्घका पदाधिकारी र पत्रकारहरूको टोलीले यहाँ जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलमार्फत ज्ञापनपत्र बुझाएको हो। सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशन/प्रसारण गर्ने सरकारकोनिर्णयलेनिजीसञ्चारमाध्यम आर्थिक रूपमा सङ्कटमा पर्ने भन्दै उक्त निर्णय फिर्ता लिन माग गर्दै महासङ्घले चरणबद्ध रूपमा दबाबमूलक अभियान सञ्चालन गर्दै आएको छ। यसअघि गत बिहीबार प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाइएको पत्रकार महासङ्घ, बागलुङका सचिव नारायण रिजालले बताउनुभयो।

गत चैत १६ गते मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालयकोसचिवस्तरीयनिर्णयबाट सङ्घ, प्रदेश र स्थानीय तहका सबै निकायलाई सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममार्फत मात्र प्रकाशन तथा प्रसारण गर्न परिपत्र गरिएको थियो। लामो समयदेखि आर्थिक सङ्कट झेलिरहेका निजी सञ्चारमाध्यमहरू थप मारमा पर्ने भन्दै महासङ्घ आन्दोलनमा छ।

# मुस्ताङ अस्पतालमा सुरक्षित गर्भपतन सेवा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १५ बैशाख

यहाँको प्रदेश अस्पताल जोमसोममा पछिल्ला चार आर्थिक वर्षमा १८८ महिलाले सुरक्षित गर्भपतन सेवा लिएका छन्। सेवा थालनी भएको पहिलो आवमा ३८, दोस्रो आवमा ४२ , तेस्रो आवमा ६६ र चालु आवको गतचैत महिनासम्ममा ४२ जनाले गर्भपतन सेवा लिएका अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा समीक्षा कँडेलले जानकारी दिनुभयो।

प्रदेश अस्पताल जोमसोम मात्र सुरक्षित गर्भपतन सेवाका लागि सूचिकृत भएको छ भने दुई चिकित्सकसहित पाँच स्वाथ्यकर्मीले सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउन तालिम प्राप्त गरेका छन्। यहाँ सरकारी अस्पतालमा मात्र सुरक्षित गर्भपतन सेवा सीमित छ। सुपरिटेन्डेन्ट डा समीक्षा कँडेलले भन्नुभयो," अस्पतालमा १२ हप्ता अर्थात् तीन महिनासम्मका गर्भवतीको सुरक्षित गर्भपतन सेवा उपलब्ध छ र सो अवधिभन्दा माथिलाई उपल्लो निकायमा प्रेषण गर्ने गरेको छ। "

अस्पतालमा 'मिफेप्रिस्टोन' र 'मिसोप्रोस्टोल' नामक औषधिको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतन सेवा (एमए) तथा औजार सहित अन्य प्रक्रियाका माध्यमबाट सुरक्षित गर्भपतन सेवा प्रदान गर्रिदै आएको डा कँडेलले बताउनुभयो। १२ हप्तासम्मको गर्भपतनलाई 'म्यानुअल भ्याकुम एस्पिरेसन (एमभिए)' विधिमार्फत तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा औजारका माध्यमबाट गरिन्छ। १३ देखि १८ हप्तासम्म गर्भलाई 'कम्प्रिहेन्सिब इमरजेन्सी अब्सटेटिक नियोनेटल कियर' सुविधा भएको सूचीकृत स्वास्थ्य संस्थामा तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा डाइलेटेसन एन्ड इभ्याकुएसन (डिएन्ड) गरिन्छ।

औषधि विधि (एमए) बाट गरिने गर्भपतन सेवा प्रभावकारी रहेको छ। सुरक्षित गर्भपतन सेवाका बारेमा अझै जानकारी छैन। सेवा लिनसमेत अझै हिचकिचाउने प्रवृत्ति रहेको जनाइएको छ। मुस्ताङका हालसम्म सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउन स्वास्थ्य संस्था दर्ता नभएको बताइएको छ। 'गर्भपतन सेवा लिन सूचीकृत स्वास्थ्य संस्थामै जानुपर्छ' र 'गर्भपतनका लागि अनधिकृत औषधि स्वास्थ्यकर्मीका सल्लाह विना सेवन गरिनु हँदैन' भन्ने चेतनाका अभाव यहाँ पनि रहेको बताइएको छ।

यसै गरी अस्पतालमा उपलब्ध बर्थिङ सेन्टर, प्रसूति शल्यक्रिया सेवा र आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन जोड दिएसँगै प्रसूति शल्यक्रिया सेवा प्रभावकारी बन्दै गएको छ। आर्थिक वर्ष २०७९/०८० देखि चालु आव २०८२/०८३ को चैत महिनासम्म १०४ जना महिलाहरूले प्रसूति सेवा प्राप्त लिए छन्। ती समध्ये १५ जना महिलाहरूले शल्यक्रियामार्फत प्रसूति गराएका थिए। पछिल्लो चार आबमा अस्पतालबाट प्रसूति सेवा लिन आएकामध्ये ८९ जनाले सामान्य प्रसूति सेवामार्फत नवजात शिशु जन्माएका हुन्। अस्पतालमा शल्यक्रियाद्वारा प्रसूति सेवा उपलब्ध हुन थालेपछि जिल्लामा न्युन आय भएका गरिब तथा विपन्नस्तरको महिलालाई राहत पुऱ्याएको छ। पछिल्लो केही वर्षयता अस्पतालमा शल्यक्रिया उपकरण तथा एमडिजिपी चिकित्सकको व्यवस्थापन भएसँगै अस्पतालको शल्यक्रियाबाट प्रसूति गराउने सेवा प्रभावकारी बनेको हो। प्रसूति हुन नसकेका गम्भीर अवस्थाका महिला र अन्यलाई आपत्कालीन सेवा २४ सैं घण्टा अस्पतालले प्रवाह गरेको छ। यसअघि प्रसूति सेवा लिने आएका बिरामीलाई सामान्य प्रसूति मात्र गराउने सेवा रहेको हुँदा ठूलो आर्थिक भार खेप्दै सुगमका अस्पतालमा प्रेषण गर्नुपर्ने अवस्था रहेको थियो। पछिल्लो समय अस्पतालले क्रिटिकल अवस्थामा पुगेका महिलाहरूको सफलतापूर्वक शल्यक्रियाद्वारा प्रसूति गराइएको अस्पतालको भनाइ छ।

# बुधबार साँझदेखि तीव्र गतिको हावाहुरीसहित वर्षाको सम्भावना

**रासस**
काठमाडौं, १५ बैशाख

जल तथा मौसम विज्ञान विभागले बुधबार साँझदेखि देशका विभिन्न क्षेत्रमा तीव्र गतिको हावाहुरीसहित मेघगर्जन, चट्याङ, असिना र वर्षाको सम्भावना रहेको भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

विभागका मौसमविद् सञ्जीव अधिकारीका अनुसार बुधबार सुदूरपश्चिम प्रदेशका डडेलधुरा र डोटी, लुम्बिनी प्रदेशका बर्दिया, बाँके, दाङ र अर्घाखाँची, मधेस प्रदेशका धनुषा र बारा तथा कोशी प्रदेशको मोरङसहित आसपासका जिल्लामा तीव्र हावाहुरी चल्ने सम्भावना रहेको छ। विभागले हावाहुरी सुरु हुने सम्भावित समय बुधबार साँझ ५:४५ बजे तथा समाप्त हुने सम्भावित समय बिहीबार बिहान ७:४५ बजे रहने जनाएको छ।

पश्चिमी प्रणाली पूर्वतर्फ सर्दै गएकाले देशका धेरै स्थानमा मेघगर्जन, चट्याङ, हावाहुरी र असिनासहित वर्षा हुने सम्भावना रहेको विभागले जनाएको छ। प्रतिकूल मौसमका कारण जनजीवन, कृषि, यातायात तथा विद्युत् सेवामा असर पर्न सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन विभागले आग्रह गरेको छ।


## स्वतन्त्र प्रेस, सबल लोकतन्त्र

◆ अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
◆ स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
◆ सञ्चारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
◆ सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
◆ गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
◆ पत्रकारहरूको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
◆ सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
◆ प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
◆ सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि


डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

तिमी समस्यावाट भाग्न सक्दैनौ किनाकि त्यसवाट भागेर जाने कुनै ठाउँ छैंन्।

– अंकल रेमस

## सम्पादकीय

# संसद रोकेर अध्यादेश

सरकारले संसदीय प्रक्रिया छल्न आह्वान भइसकेको संसद अधिवेशन स्थगित गरी दुईवटा अध्यादेश ल्याएको छ । यसअघि प्रधानमन्त्री बालेन शाह नेतृत्वको मन्त्रिपरिषदले वैशाख ८ गते गरेको सिफारिस अनुसार राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसदका दुवै सदनको अधिवेशन आह्वान गरेका थिए । वैशाख १७ गतेका लागि आह्वान गरिएको उक्त अधिवेशन वैशाख १० गते मन्त्रिपरिषदकै सिफारिसमा राष्ट्रपतिबाट स्थगित गरिएको थियो । त्यति बेला प्रधानमन्त्रीका प्रेस सल्लाहकार तथा अनुसन्धान विज्ञ दीपा दाहालले तयारी अपुग भएकाले अधिवेशन स्थगित गरिएको बताएकी थिइन् । 'बजेट अधिवेशनका लागि तयारी नपुगेका कारण संसद अधिवेशन स्थगित गर्न सरकारले राष्ट्रपतिसमक्ष सिफारिस गरेको हो। त्यसै अनुसार राष्ट्रपतिज्यूले संसद अधिवेशन स्थगित गर्ने निर्णय गर्नुभएको हो,' उनको भनाइ थियो ।

राष्ट्रपति रामचन्द्र पौडेल कहाँ अध्यादेश आएको पुष्टि भएको छ । राष्ट्रपति कार्यालयले अध्यादेश अध्ययन क्रममा रहेको जनाएको छ । संसद छलेर ल्याइएका दुई अध्यादेशमध्ये प्रधानन्यायाधीशसहित संवैधानिक आयोगका पदाधिकारीको नियुक्तिसँग जोडिएको संवैधानिक परिषद अध्यादेश महत्त्वपूर्ण छ । सरकारले आफू अनुकूल नियुक्ति गर्न संसद अधिवेशन स्थगित गरेर अध्यादेश ल्याएको बुझ्न सकिन्छ । अहिले सर्वोच्च अदालतका प्रधानन्यायाधीश, निर्वाचन आयोगका प्रमुख आयुक्तसहित विभिन्न आयोगका पदाधिकारीहरू नियुक्त गर्नुपर्नेछ । संवैधानिक परिषदमा ६ जना सदस्य रहने व्यवस्था छ। यसमा प्रधानमन्त्री, प्रतिनिधिसभाका सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रधानन्यायाधीश, प्रमुख प्रतिपक्षी दलका नेता सदस्य रहन्छन् । कांग्रेसले सोमबार मात्रै भीष्मराज आङ्देम्बेलाई संसदीय दल नेता घोषणा गरेको छ । नियमित अधिवेशन छलेर सरकारले अध्यादेश ल्याएको भन्दै प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले विरोध पनि गरेको छ ।

संसद् नभएका बेलामा कुन अत्यावश्यक काम गर्नका लागि यी अध्यादेश आवश्यक परे भन्ने पनि खुलेको छैन । मन्त्रिपरिषद्ले गरेको सिफारिस कार्यान्वयन गर्ने राष्ट्रपतिको दायित्व भएकाले केही दिनमै यी अध्यादेश जारी हुन सक्लान् । तर, चुनावपछि बनेको शक्तिशाली सरकारले संसद्बाट अहिलेसम्म एउटा पनि कानुन नबनाई सुरुमै दुई वटा अध्यादेश जारी गर्ने निर्णयले भने सुखद सन्देश प्रवाह गरेको छैन । 'संसद् अधिवेशन निकट रहेको समयमा अध्यादेश ल्याउने बाटो राम्रो होइन,' ।'यति ठूलो जनमत पाएको सरकारले पुरानो बाटो अपनाउनु हुन्नथ्यो ।' संसदीय लोकतन्त्रमा अध्यादेशको बाटो रोज्नु असल अभ्यास मानिँदैन । करिब दुई तिहाइ बहुमत सहितको शक्तिशाली सरकार स्वयं संसद् छलेर अध्यादेशको सहारा लिन्छ, त्यो बेला प्रश्न प्रक्रियाको होइन नियत, प्रवृत्ति र लोकतान्त्रिक प्रतिबद्धतामाथि विश्वास छैन भन्ने बुझिन्छ । नेपालको संविधानले अध्यादेश जारी गर्न पूर्णतः निषेध गरेको छैन । तर यसको प्रयोग अपवादका रूपमा परिकल्पना गरिएको हो । 'नियमित अधिवेशन रोकेर अध्यादेश ल्याउनु अध्यादेश ल्याउने संवैधानिक व्यवस्थाको दुरुपयोग हो।निर्वाचनमा जनताले दिएको जनमतको पनि पनि यो दुरुपयोग हो ।'

संसद् अधिवेशन चलेको छैन तर तत्काल कानुनी हस्तक्षेपबिना राज्य सञ्चालन अवरुद्ध हुने स्थिति आयो भने यस्तो अवस्थामा कार्यकारीले अस्थायी रूपमा कानुन बनाउने अधिकार पाउँछ । तर यही अपवादलाई सामान्य अभ्यासमा रूपान्तरण गर्दा लोकतन्त्र र संसदीय सर्वोच्चतामा आँच आउँछ । सरकारले चाहेको भए संसद्को अधिवेशन बोलाएर विधेयकमार्फत कानुन बनाउन सक्थ्यो । कानुन बनाउने संसदीय प्रक्रियाहरूलाई छोट्याएर फास्ट ट्र्याकबाट विधेयक पास गर्न पनि सकिन्थ्यो । तर यो बाटो सरकारले लिएन । 'अध्यादेश ल्याउनुभन्दा संसद्को फास्ट ट्र्याक प्रयोग बढ्ता राम्रो हुन्थ्यो । चैत १७ गतेदेखि अधिवेशन बोलाइसकिएको थियो । राष्ट्रपतिले आह्वान गरिसकेको अधिवेशन, पत्रद्वारा सरकारले फिर्ता लियो । जुन नेपालको संसदीय इतिहासमै असामान्य घटना हो । यसअघि राष्ट्रपतिले आह्वान गरिसकेको अधिवेशन सरकारले फिर्ता लिएको इतिहास थिएन । सरकारले उल्टै संसद्लाई रोक्यो । अध्यादेश ल्याउने सजिलो र कम उत्तरदायी बाटो रोज्यो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| ककर्ट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# एक्सटेपको नयाँ आउटलेट उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

पोखराको न्यूरोड क्षेत्रमा अन्तर्राष्ट्रिय खेल सामग्री ब्रान्ड एक्सटेप को नयाँ आउटलेट सञ्चालनमा आएको छ । यो आउटलेट पोखराको दोस्रो तथा नेपालभरको १५औं शाखा रहेको एक्सटेप नेपालका अध्यक्ष गणेश श्रेष्ठले बताउनु भयो ।

पोखराको बुद्धबिशाल बजारमा रहेको पहिलो शाखासंगै पोखरामा यसको माग भएकोले पोखराको व्यस्त बजार न्यूरोडमा नयाँ आउटलेट संचालन गरिएको उहाँले जनाउनु भयो । उद्घाटनको अवसरमा एक्सटेप नेपालले सामाजिक उत्तरदायित्व अन्तर्गत हिमाली क्षेत्रमा कार्यरत पोर्टर तथा टुर गाइडहरूलाई निःशुल्क जुत्ता र टिसर्ट वितरण गरेको छ । साथै पोखराका युवा महिला खेलाडीहरूलाई पनि खेल पोशाक प्रदान गरिएको छ ।

अध्यक्ष श्रेष्ठका अनुसार, "कठिन भूगोलमा भारी बोकेर पर्यटकको यात्रा सहज बनाउने पोर्टरहरूको योगदान अतुलनीय छ । उहाँहरुको यात्रालाई सुरक्षित र सहज बनाउन जुत्ता प्रदान गरिएको हो ।" टुर गाइडहरूको भूमिकालाई समेत महत्वपूर्ण हुने भन्दै उहाँहरुलाई पनि सहयोग गरिएको अध्यक्ष श्रेष्ठले उल्लेख गर्नुभयो । उक्त आउटलेटको पोखरा महानगरपालिका वडा नं. ९ का अध्यक्ष दिपेन्द्र मर्सानी र चर्चित ट्रेल रनर तथा रसुवाको कालिका गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष समेत रहनु भएको दावा लामा ले संयुक्त रुपमा उद्घाटन गर्नुभयो । कार्यक्रममा बोल्दै मर्सानीले पोखरा पर्यटनसँगै खेलकुदको केन्द्रका रूपमा विकसित भइरहेको उल्लेख गर्दै एक्सटेपजस्तो अन्तर्राष्ट्रिय ब्रान्डको विस्तार महत्वपूर्ण भएको बताउनुभयो । त्यसैगरी, ट्रेल रनर दावा लामाले एक्सटेपका उत्पादनहरू खेलाडी मात्र नभई दैनिक प्रयोगका लागि पनि उपयुक्त रहेको उल्लेख गर्दै यसको गुणस्तर र आरामदायक प्रयोग अनुभवको प्रशंसा गर्नुभयो । कार्यक्रममा टाइगर ग्रुप अफ पोखरा नेपालका अध्यक्ष नारायण प्रसाद शर्मा, जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङ, सहारा क्लवका बरिष्ठ उपाध्यक्ष पूर्ण बहादुर गुरुङ लगायत खेलकुद क्षेत्रका विभिन्न व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । एक्सटेप विश्व बजारमा रनिङ, ट्रेनिङ र फिटनेस सामग्रीका लागि परिचित ब्रान्ड हो । कम्पनीका अनुसार, यसको जुत्ता हलुका, टिकाउ र कुशनिङ प्रविधियुक्त हुने भएकाले लामो समय प्रयोग गर्दा खुट्टामा कम थकान महसुस हुन्छ । साथै राम्रो ग्रिप, सपोर्ट र आकर्षक डिजाइनका कारण यो युवामाझ लोकप्रिय बन्दै गएको छ । नयाँ आउटलेटले पोखराका खेलाडी, फिटनेसप्रेमी तथा युवाहरूलाई गुणस्तरीय खेल सामग्री सहज रूपमा उपलब्ध गराउने विश्वास गरिएको छ । यहाँ उपलब्ध रनिङ जुत्ताहरूको मूल्य करिब ६,५०० रुपैयाँदेखि ३०,००० रुपैयाँसम्म रहेको जनाइएको छ ।

# सीमा निर्धारणमा भएको ढिलाइले बेनीमा सडक आयोजना प्रभावित

**रासस**
म्याग्दी, १५ बैशाख

सीमा निर्धारण नहुँदा भारत र चीन जोड्ने कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडकमा पर्ने जलजला गाउँपालिका-३ बेनीमा सडक कालोपत्र गर्न सञ्चालित योजना प्रभावित भएको छ ।

म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने प्रमुख नाकामा पर्ने पर्वत बेनीमा सडक विस्तार, स्तरोन्नति र कालोपत्र नहुँदा स्थानीयवासी, यातायात व्यवसायी र पर्यटक समस्यामा परेका छन् । राष्ट्रिय राजमार्गमा समेटिएको पर्वत बेनीको साँघुरो र जीर्ण सडकमा सवारीसाधनको चाप बढेर जाम हुने, हिलो र धुलोको समस्या भएको स्थानीयवासी कृष्ण केसीले बताउनुभयो । "सात सय ६० मिटर दूरीको सडक पार गर्न जाम हुँदा १० देखि १५ मिनेट लाग्ने गरेको छ", उहाँले भन्नुभयो, "हिलो र धुलोको समस्या उत्तिकै छ ।" बेनी-जोमसोम-कोरला सडक योजना कार्यालयले मालढुङ्गा-बेनी सडक कालोपत्रका लागि गरेको ठेक्काबाट वारीबेनीको ७६० मिटर, केराबारी र फर्से पहिरोमा एक-एक सय मिटर सडकलाई हटाएको थियो । वारीबेनीमा बस्तीको बीचमा सडक विस्तार गर्न घरधनीहरूको अहसमति तथा फर्से र केराबारीमा पहिरोका कारण ठेक्काबाट हटाउनुपरेको योजना प्रमुख तेजस्वी शर्माले बताउनुभयो । "कालीगण्डकी करिडोरलगायत ८० वटा राष्ट्रिय राजमार्गको सडक सीमा निर्धारण नहुँदा बस्ती क्षेत्रमा योजना कार्यान्वयनमा अत्यन्त कठिनाइ भएको छ", उहाँले भन्नुभयो, "सडक ऐनले राष्ट्रिय राजमार्गमा नसमेटिएका सडकमा लागू गरेको छ मिटरको मापदण्डमा पनि स्थानीयसँग सहमति नजुट्दा पर्वत बेनीमा कालोपत्र छुटेको हो ।" पर्वत बेनीका बासिन्दा इन्द्र मगरले सडक मापदण्ड र सीमा निर्धारणमा भएको ढिलाइका कारण घरजग्गा धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिनबाट वञ्चित हुनुपरेको गुनासो गर्नुभयो । "धुलो, हिलो र जामको समस्या त छँदैछ, बैंकहरूले सडकको सीमा स्पष्ट नभएको कारण देखाएर लगानी गर्न डराउँदा विशेष गरेर व्यवसायी मर्कामा परेका छन्", उहाँले भन्नुभयो, "नक्सा पास गरेर घर बनाउन पनि समस्या छ ।"

सरकारले जतिसक्दो छिटो सीमा निर्धारण गर्नुपर्ने र सीमा तोक्नुअघि बनेका भौतिक संरचनाको क्षतिपूर्ति तथा मुआब्जाको व्यवस्था गरेरमात्र सडक विस्तारको काम गर्नुपर्ने पर्वतबेनीवासीले माग राख्दै आएका छन् । पर्वत बेनी हुँदै म्याग्दी प्रवेश गर्ने कालीपुलमा अर्को मोटरेबल पुल निर्माणका लागि पनि सार्वजनिक जग्गामा रहेका घरटहराहरूको चुनौती रहेको आयोजना प्रमुख शर्माले बताउनुभयो । कालीपुलमा २०६४ सालमा निर्माण भएको मोटरेबल पुल साँघुरो भएकाले आयोजनाले अर्को पुल बनाउन प्रस्तावित ठाउँमा रहेका घरटहराका कारण योजना अघि बढाउन समस्या भएको हो । बेनी-जोमसोम-कोरला सडक योजनामार्फत १३ किलोमिटर दूरीको मालढुङ्गा-बेनी सडकलाई हालै दुई लेनको ११ मिटर फराकिलो बनाएर अक्सफाल्ट प्रविधिको कालोपत्र गरिएको छ । पर्वतको कुश्मा नगरपालिका-१ मालढुङ्गादेखि जलजला गाउँपालिकाको ८, ७, ४ र ३ नं वडा हुँदै म्याग्दी सदरमुकाम बेनी जोड्ने सडक दुई लेनको बनाएर कालोपत्र गर्न २०७७ साल चैतमा एपेक्स-खड्का-कृष्ण जेभीले २०७७ चैतमा रु ५२ करोड ८६ लाखमा ठेक्का सम्झौता गरेको थियो ।

यो सडकमा म्याग्दी, मुस्ताङ र पर्वतको जलजला गाउँपालिकाका स्थानीय बासिन्दाका साथै पर्यटक र तीर्थयात्री आवतजावत गर्छन् । 'कामका लागि खाद्यान्न' कार्यक्रमअन्तर्गत २०५२ सालमा मार्ग खुलेको मालढुङ्गा-बेनी सडक बेनी सडक २०६८ सालमा एकतर्फी कालोपत्र भएको थियो । मालढुङ्गा-बेनी सडकमा यात्रा गर्दा यसअघि एक घण्टाको यात्राअवधि स्तरोन्नतिपछि १५ देखि २० मिनेटमा छोटिएको छ ।

# निसीखोलाका १२४ पूर्वाधारका आयोजना कार्यान्वयनमा

**पोखरापत्र संवाददाता**
बागलुङ, १५ बैशाख

बागलुङको सबैभन्दा पश्चिम क्षेत्र निसीखोला गाउँपालिकाले चालु आर्थिक वर्षमा १२४ आयोजना कार्यान्वयनको अन्तिम चरणमा पुर्‍याइएको छ ।

आव २०८२/८३ का लागि निसीखोला गाउँपालिकामा बजेटअनुसार तयार गरिएको १७१ वटा पूर्वाधार विकासतर्फका आयोजना रहेकामा अहिलेसम्म १२४ आयोजना सम्झौता भएर कार्यान्वयनमा गएको हो ।

अहिलेसम्म ४७ वटा आोजना सम्पन्न भइसकेका निसीखोला गाउँपालिकाका सूचना अधिकारी डिलाराम बाँठा मगरले जानकारी दिनुभयो । प्रतिनिधिसभा सदस्य निर्वाचनका कारण कार्यान्वयनमा भएको ढिलाइ भएको भन्दै उहाँले विकास निर्माणका १७१ मध्ये १२४ भन्दाबढी आयोजना कार्यान्वयनमा गएका उल्लेख गर्नुभयो । गत माघ र फागुनमा विकास निर्माणका कामले गति लिन नसके पनि चैत लागेयता तीव्रता पाएको निसीखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन पुनमगरले जानकारी दिनुभयो । "धमाधम काम भइरहेका छन्, वडागत विनियोजन भएका विकास निर्माणका योजना कार्यान्वयनको चरणमा पुगेका छन् निसीखोला गाउँपालिकाले सीमित योजनामा अधिकतम प्रगति हासिल गरेको छ", उहाँले भन्नुभयो, "गाउँपालिकाको प्रशासनिक भवन अपुग भएकाले एक तला ट्रस्टको छानोसहित थपेर सेवालाई थप चुस्त बनाउँछौं, गाउँपालिकाले ठूला ठेक्का पाँच वटा सडक स्तरोन्नति गरिरहेको छ, सेवा प्रवाहलाई चुस्त बनाउँदै बेरुजु घटाउँदै लगेको छ ।"

प्रमुख प्रशासकीय अधिकृत पुनका अनुसार कर्मचारीको समूहगत काम र जनप्रतिनिधिको सकारात्मक सल्लाहका कारण बेरुजु घटाउँदै लगेको जानकारी दिनुभयो । सात वटा वडामा चारदेखि १५ वटा आयोजनाली तीव्रता पाएका उहाँले बताउनुभयो ।

उहाँका अनुसार वडागत रूपमा विकासका आयोजना उल्लेखनीय रूपमा अगाडि बढेका छन् । वडा नं ६ मा दुई वटा आयोजना सम्पन्न भएका छन् भने वडा नं ७ मा १५ वटा आयोजनाले तीव्रता पाएका उहाँले जानकारी दिनुभयो । पालिकास्तरका दुई ठूला आयोजनाबाहेक अधिकांश वडाको आवश्यकताअनुसार तय गरिएकाले कार्यान्वयन प्रभावकारी भएको पुनमगरको भनाइ छ ।

गाउँपालिकाले समयमै आयोजना सम्झौता र सम्पन्न गर्ने लक्ष्य लिएको छ । समयमै काम सम्पन्न गरी अनुगमनपछि भुक्तानी गर्दा बेरुजु घटाउन मद्दत पुगेको पुनले बताउनुभयो । गाउँपालिकाले गत आवमा रु सात करोड बेरुजु रकम घटाएको उहाँले जानकारी दिनुभयो । "गत वर्ष सात करोड बेरुजु घटाइयो, चालु आवमा एक करोड १० लाख बेरुजु घटाइसकिएको छ, कार्यालय व्यवस्थापन, कर्मचारीको कार्यसम्पादनका आधारमा बेरुजु घटाउन सहयोग मिलेको छ", प्रमुख प्रशासकीय अधिकृत पुनमगरले भन्नुभयो, "बिल भरपाईको पुनःमूल्याङ्कन, समस्या परेका आयोजनाको अनुगमन गर्दा बेरुजु घटाउन सहयोग पुग्छ, अहिले बेरुजु बढ्न नदिने हाम्रो नीति छ ।" गाउँपालिकाले विकास आयोजनामा उपभोक्ता समितिलाई अभिमुखीकरण गरी कामलाई पारदर्शी बनाउने पहल थालेको छ । आवश्यक कागजात पूरा गर्ने र लागतअनुसार काम गर्ने बानीको विकास हुँदै जाँदा बेरुजु पनि घट्दै गएको पुनले बताउनुभयो । गाउँपालिकाको एक तला भवन थप्नका लागि रु ५० लाख विनियोजन गरिएको उहाँको भनाइ छ । यस्तै रिग ताल संरक्षणका लागि गाउँपालिकाले रु ५० लाख विनियोजन गरिएको छ ।

# पालिकाबाटै स्थायी लेखा नम्बर

**पोखरापत्र संवाददाता**
बागलुङ, १५ बैशाख

आन्तरिक राजस्व कार्यालय बागलुङले स्थानीय तहबाटै स्थायी लेखा नम्बर (प्यान कार्ड) वितरण गर्न थालेको छ ।

उक्त कार्यालयको समन्वयमा यहाँको गलकोट नगरपालिका र म्याग्दीको बेनी नगरपालिकाले समेत प्यान कार्ड वितरण गर्न थालेको हो । गलकोट नगरपालिकाका सूचना अधिकारी राजु शाहनीले आन्तरिक राजस्व कार्यालयबाट दिँदै आएको प्यान कार्ड अब नगरपालिकाबाटै वितरण गर्न थालिएको जानकारी दिनुभयो । उहाँका अनुसार व्यक्तिगत प्यान कार्डका लागि अनलाइनमार्फत फाराम भरी 'सबमिसन नम्बर'का आधारमा प्यान लिन सक्नेछन् । यसैगरी, व्यावसायिक कार्डका लागि व्यवसाय दर्ता प्रमाणपत्र, सञ्चालकको नागरिकता प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, जग्गाधनी पुर्जा, भाडा सम्झौता तथा सम्बन्धित वडा कार्यालयको सिफारिस आवश्यक पर्नेछ । आन्तरिक राजस्व कार्यालय प्रमुख कपिल सिलवालले पालिकाबाटै प्यान कार्ड जारी गर्ने व्यवस्था मिलाउन सुरु भएको, हाल गलकोट र बेनी नगरपालिकाबाट सेवा सुरु भइसकेको बताउनुभयो । हाल कर चुक्तालगायत विभिन्न सेवा अनलाइनबाटै उपलब्ध गराइँदै र अब प्यान कार्डसम्बन्धी सेवा पनि जिल्लाका सबै स्थानीय तहमा विस्तार गर्ने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो ।

स्थानीयस्तरबाटै कार्ड पाउन थालेपछि जिल्ला सदरमुकाम धाउनुपर्ने बाध्यता अन्त्य भएको छ । गलकोटबाटै उक्त कार्ड प्राप्त गर्नुभएकी ताराखोला गाउँपालिका-४ की माया घर्तीले यस सेवाले जिल्ला सदरमुकाम पुग्दा लाग्ने समय र खर्च दुवै बचत भएको बताउनुभयो ।

# हुरीबतासले उडाएका घर मर्मत गर्दै गाउँका युवाहरू

**पोखरापत्र संवाददाता**
गोरखा, १५ बैशाख

केही दिनअघि हुरीबतासले क्षतिग्रस्त बनाएका घरहरू गाउँले युवा मिलेर पालैपालो मर्मतसम्भार गर्दैछन् । जिल्लाको पालुङटार नगरपालिका-९ मा गत वैशाख ६ गतेको हुरीबतासले उडाएका घर गाउँले युवा मिलेर बिनाज्याला मर्मतसम्भार गरिरहेका हुन् ।

हावाहुरीले उडाएका घर हार गुहारमा मर्मतसम्भार गरिरहेको स्थानीय युवाहरू बताउँछन् । "हुरीबतासले गाउँमा सबैजसोका घर उडायो । हुरीसँगै पानी परेर घरभित्रका सामान भिजायो", पालुङ्टार-९ सिस्नेरीका सुरेश सुनारी मगरले भन्नुभयो, "गाउँमा विपद् परेको भोलिपल्टै हामीले एउटा डफ्फा बनायौं । काठको काम जान्नेले काठको काम, छाना छाउन जान्नेले छानाको काम, विद्युत् वायरिङ जान्नेले वायरिङको काम, जसले जे जानेको छ त्यही काम गरेर सबैलाई मद्दत गरिरहेका छौं ।" युवाहरूको स्वयंसेवी अभियानले अहिलेसम्म गाउँका २५ भन्दा धेरैको घर मर्मतसम्भार गरिसकेको उहाँले बताउनुभयो । गाउँमा तीनवटासम्म समूह बनाएर काम भइरहेको अर्का स्थानीय भक्तबहादुर रानामगर बताउनुहुन्छ । "घरको क्षतिको अवस्था हेरेर धेरैजना चाहिने रहेछ भने धेरैजना मिलेर, थोरै चाहिन्छ भने त्यहीअनुसार दुई-तीनवटा समूह बनाएर घर मर्मतको काम गरिरहेका छौ", उहाँले भन्नुभयो, "एउटा घर चाँडै नै मर्मतसम्भार भइसक्यो भने त्यो समूह पनि अर्कोमा थपिएर काम गर्छौं । बिहानैदेखि साँझसम्म काम गरिरहेका छौं ।" गाउँले सबैजना विपद्मा परेकाले सबै मिलेर एकापसमा सहयोग गरिरहेको रानाले बताउनुभएको छ ।

गत वैशाख ६ गते साँझपख चलेको हुरीबतासले पालुङटार नगरपालिका-९ मा ३८ घरको छाना उडाएको नगरपालिकाले जानकारी दिएको छ । वडा नं ८ मा आठ, वडा नं ७ मा १० र वडा नं ६ मा १३ घर उडाएको प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसी बताउनुहुन्छ । वडा नं ९ को त्रिवेणी मावि र एउटा स्वास्थ्य संस्थासमेत उडाएको बिसीले जानकारी दिनुभयो । पालिकाले तत्कालको समस्या समाधानका लागि त्रिपाल वितरण गरेको उहाँको भनाइ छ । "अहिले लगत सङ्कलन भर्खर सकिएको छ । केही दिनमा स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बसेर पूर्ण क्षति भएकाहरूको घर पालिकाले मर्मत गरिदिने निर्णय गर्नेछौं", उहाँले भन्नुभयो ।

# संरक्षण र प्रवद्धनको पर्खाइमा प्राकृतिक पुल

**हरिप्रसाद बास्तोला**
गण्डकी, १४ बैशाख/रासस

नेपालको पर्यटकीय राजधानी पोखराको मुटुमा बग्ने सेती नदीमाथि अवस्थित प्राकृतिक पुल जोखिममा परेको छ।

स्थानीय जीवनशैली, संस्कार र पहिचान बोकेको पोखरा महानगरपालिका-१७ महतगौडा र वडा नं १५ को टुटुङ्गालाई जोड्ने हजारौँ वर्षको प्राकृतिक सम्पदा संरक्षणको अभावमा उच्च जोखिममा परेको हो।

समुन्द्र सतहबाट ८०० मिटरको उचाइमा अवस्थित पोखरा उपत्यकाको उत्पत्तिसँगै प्राकृतिक रुपमा निर्मित सो पुल सवारीसाधनको आवतजावत, मानव गतिविधिको बद्दो चाप र प्राकृतिक क्षयले क्रमशः कमजोर हुँदै जानु तथा सम्बन्धित निकायबाट संरक्षण र व्यवस्थापन अभावको कारण अस्तित्व सङ्कटमा पर्दै गएको भूगोलविद् प्राडा कृष्ण केसी बताउनुहुन्छ।

उहाँका अनुसार सेती नदीको तीव्र बहावमाथि प्राकृतिक रुपमा बनेको यो पुल कुनै आधुनिक इन्जिनियरिङको नमूना होइन, बरु प्रकृतिको आफ्नै सिर्जनात्मक शक्ति हो। समयक्रममा ढुङ्गा, माटो र पानीको सहकार्यले तयार पारेको यो संरचना स्थानीयका लागि दैनिक आवतजावतको माध्यम मात्र नभई राष्ट्रका लागि एउटा जीवित इतिहास पनि हो। नदीको दुवैतर्फबाट फाँटेका ठूल्ठूला धाँजा एकापसमा जोडिएपछि सेती नदीमा बाँध बनेपछि थुनिएको सेतीको पानीले तल्लो भागलाई काटेर निकास बनाएपछि माथिल्लो भागले पुलको आकार लिएको अनुमान गर्न सकिने भूगोलविद् केसीको भनाइ छ। एक सय मिटरको गहिराइ र ९० मिटरको चौडाइमा रहेको सो प्राकृतिक पुल पिरामिड आकारको रहेको छ। अन्नपूर्ण र माछापुच्छ्रे हिमशृङ्खलाको आसपासमा रहेका हिमताल फुट्दा भिषण बाढीसँगै आएको माटो, बालुवा, गेग्रयान, चट्टान र वनपैदावारका कारण पोखरा उपत्यकाको उत्पत्तिको आधार भएको बताउँदै उहाँले भन्नुभयो, "विश्वसामु परिचित पोखराको मुख्य भागमा रहेको पुरातात्विक महत्व बोकेको अनौठो प्राकृतिक वरदान पर्यटकीय प्रवाहमा जोडिन नसक्नु विडम्बना हो। पोखराको रामघाटबाट भूमिगत भएको सेती नदी सो स्थान मितेरी पुलकोमा आएर खुल्ला भएको छ, जसमा प्राकृतिक पुलको तल्लो भागको दोविल्लालगायतका क्षेत्रबाट जथाभावी नदीजन्य वस्तु उत्खनन् गर्दा नदी गहिरिँदै गएको कारण पनि यस्ता प्राकृतिक सम्पदा एवं आसपासको बस्तीसमेत उच्च जोखिममा पर्दै गएको छ।

नदीको पूर्वपट्टि रहेको सानो वनमा कहिलेकाहीँ घण्टी र शङ्खको ध्वनि सुनिने गर्दा यो महत्वपूर्ण धार्मिक क्षेत्र रहेको स्थानीय ९७ वर्षीय चन्द्रकान्त भण्डारीले बताउनुभयो। सो स्थानमा तीन दशकअघि मात्र शिवमन्दिर निर्माण गरी मूर्तिसमेत प्रतिस्थापन गरिएको छ। देवताको वासस्थान र ऋषिमुनीको तपोभूमि एवं धार्मिक शक्तिको कारण पुल अटल रहेको उहाँको विश्वास छ।

उहाँका अनुसार सेती नदीको माथिल्लो भागमा पुल त बन्यो तर दुवै किनारामा फाटेका धाँजाबाट आवतजावत गर्न जोखिम बढेपछि फुस्रेखोलाबाट सामूहिक रुपमा काठ र डोरीको सहायताले बोकेर ल्याएका लामालामा ढुङ्गाका छपनी राखेपछि आवतजावतमा सुविधा पुगेको हो। धार्मिक महत्व र सेती नदीको पहिलो पुलको भएको कारण सो क्षेत्रमा परापूर्वकालदेखि माघे सङ्क्रान्तिका दिन ढुङ्गेसाँघु मेलासमेत लाग्दै आएको छ। ज्येष्ठ नागरिक भण्डारीले भन्नुभयो, "हामीले बाल्यकालमा यही पुलमा खेलेका थियौँ, छोराछोरी यही बाटो हिँडेर विद्यालय जान्थे। पोखरा महानगरपालिका-१५ बासिन्दा बिरुवा फाँटमा कृषि गर्नका लागि आवतजावतमा सहयोग पुगेको यो पुल हाम्रो इतिहास हो तर नयाँ पुस्ता र बाह्य पर्यटकलाई यसको कथा सुनाउने प्रयास भने कहीँकतैबाट भएको छैन।

पछिल्लो समय धाँजा फाटेको दुवै स्थानमा स्काभेटर प्रयोग गरेर माटोले पुरेपछि उक्त पुलबाट साना तथा ठूलो यातायातका साधन निर्वाधरुपमा ओहोरदोहोर गरिहँदा पुलको संरक्षणका लागि आजसम्म कुनै पनि प्रयास नहुँदा जोखिम बढेको छ। टुटुङ्गाको दुलेगौंडाबाट मानिस तथा पशुहरू ओहोरदोहोर गर्ने गरे पनि पछिल्लो समय डोजरको सहायताले मोटर बाटो खोलेसँगै पुलमा दबाब सिर्जना भएको हो।

पुलको भारवहन क्षमता मापन गरी यातायातका साधन निषेध नगर्ने हो भने पुल कुनै पनि बेला भर्न गएमा जनधनको ठूलो क्षति हुने सम्भावना छ। एउटा प्राकृतिक वरदानको अन्त्य हुँदा 'नरहे बाँस, नबभ्फे वासुरी' भन्ने युक्ति चरितार्थ हुनसक्ने खतरा बढेको स्थानीय बासिन्दा एवं जनप्रतिनिधि शिवराम भण्डारी बताउनुहुन्छ। यस क्षेत्र आसपासमा तीनै तहका सरकारको सहयोगमा आवश्यक भौतक संरचना निर्माणसँगै सौन्दर्य अभिवृद्धि गर्न जोड दिँदै आएको भए पनि पुलको तल्लो भागसम्म पुगेर भू-बनोटको अवलोकन गर्न आवश्यक बाटो निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउँदै ढुङ्गेसाँघु पर्यटन प्रवर्द्धन समितिका सल्लाहकार समेत रहनु भएका भण्डारीले भन्नुभयो, यस क्षेत्रलाई पर्यटकीयस्थलका रुपमा विकास गरिनु अपरिहार्य छ।

समाजका विपन्न र असहाय बालबालिकाको अध्ययनको थलो जानकी माध्यमिक विद्यालय, यस क्षेत्रमा रहेका अन्य शैक्षिक संस्था तथा विभिन्न सङ्घसंस्थाको आम्दानीको स्रोत बनाउनुपर्नेमा उहाँको जोड थियो। पोखरा महानगरपालिका-१७ मा सञ्चालित छोरेपाटन माविलाई पातले छाँगो (डेभिडफल) को आम्दानीबाट महानगरले वार्षिक रु तीन करोड एक लाख सहयोग गर्दै आएको छ भने विन्ध्यवासिनी माविले पनि महेन्द्र गुफा र चमेरे गुफाको आम्दानीबाट विद्यालयको पठनपाठनमा लगानी गर्दै आएको छ। प्राकृतिक स्रोत सबैका साझा सम्पत्तिका रुपमा उपयोग गर्नसके सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न सहयोग पुग्ने जानकी माविका प्रधानाध्यापक अर्जुन कँडेल बताउनुहुन्छ। प्रकृतिप्रदत्त उपहारको आवश्यक प्रचारप्रसार गर्दै आन्तरिक एवं बाह्य पर्यटकको आकर्षणको केन्द्रका रुपमा विकास गर्नसके पोखरामा एउटा छुट्टै पर्यटकीय गन्तव्य थपिनुको साथै यस क्षेत्रको विकास र रोजगारीमा समेत टेवा पुग्ने उहाँको विश्वास छ।

सो पुलको तल्लो भागमा पोखरा महानगरपालिकाको आर्थिक सहयोगमा झोलुङ्गे पुलसमेत निर्माण गरिएको छ। पुलबाट प्राकृतिक पुलको भूवनोटको दृश्यावलोकनमा केही हदसम्म भए पनि सहयोग पुगेको छ। पुलसँगै जोडिएको परोपकार महासङ्घ नेपालद्वारा गुरुकूल कक्षा सञ्चालन गरिएको छ भने सोही स्थानबाट पुलको दृश्यावलोकनका लागि केही संरचनासमेत बने पनि ती प्रभावकारी बन्न सकेको छैनन्। यस क्षेत्रमा प्राकृतिक पुलसहित सीताघाट, पिपलको वृक्ष रहेको चौतारामा सीताको पाइला, ऐतिहासिक एवं धार्मिक महत्व रहेको सदाशिव सिद्धेश्वर हरिहर मन्दिर, अकलादेवी मन्दिर, रामसीता मन्दिर, पोखरा वृद्धाश्रम, परोपकार महासङ्घ, बञ्जी जम्प, अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालयलगायतका विभिन्न धार्मिक तथा पर्यटकीयस्थल अवस्थित छन्। ढुङ्गेसाँघु (स्ट्रोन बृज) लाई विश्व सम्पदा सूचीमा सूचीकृतसहित सूचना पाटी, मार्गदर्शक बोर्ड, डिजिटल प्रचार र स्थानीय पर्यटन प्याकेजमा समावेश गर्न सकिए पर्यटकका लागि नयाँ आकर्षक गन्तव्य बन्नसक्ने प्रचुर सम्भावना रहेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछाने बताउनुहुन्छ। पर्यटनसँग सम्बद्ध विभिन्न सङ्घसंस्था, भूगर्वविद्, सञ्चारकर्मी, सुरक्षा निकाय र स्थानीयको सहभागितामा एक बृहत् कार्यक्रम गरेर प्रचारप्रसारमा जोड दिनुपर्नेमा उहाँको जोड थियो। पोखरा विश्वकै प्रमुख पर्यटकीय गन्तव्यमध्ये एक हो। यहाँको ताल, हिमाल, हरियाली र प्राकृतिक दृश्यले लाखौँ पर्यटकलाई आकर्षित गर्छन् तर सेती नदीमाथिको प्राकृतिक पुल अझै पनि पर्यटकको नजरमा पर्न सकेको छैन। पर्यटन प्रवर्द्धनसँगै स्थानीय अर्थतन्त्रलाई टेवा पुर्‍याउने र रोजगारी सिर्जना गर्ने क्षमता यसमा निहित छ। प्राकृतिक पुलको संरक्षण अहिलेको पहिलो चुनौती हो।

पुलबाट अहिले पनि साना तथा ठूलो यातायातका साधन निर्वाधरुपमा आवतजावत, पुलको माथिल्लो भागका खसालिएको नाला र मानवीय अतिक्रमणको कारण दिन प्रतिदिन कमजोर बन्दै गएको छ। प्राकृतिक सम्पदाको संरक्षण केवल सरकारको मात्र दायित्व होइन, यो साझा जिम्मेवारी हो। स्थानीय तह, सरोकारवाला निकाय र समुदाय सबैले मिलेर यसको संरक्षणमा ध्यान दिनु आवश्यक छ। हालसम्म देखिएको बेवास्ताले भने पश्न उठेको छ यति महत्वपूर्ण सम्पदा जोगाउने जिम्मेवारी कसले लिने हो ? यो प्राकृतिक पुलको तत्काल अध्ययन, संरक्षण योजना निर्माण, सवारी आवतजावतमा नियन्त्रण र पर्यटन प्रवर्द्धन अपरिहार्य रहेको विज्ञहरूको सामूहिक धारणा रहेको छ। अमेरिकाको भर्जिनिया राज्यमा रहेको प्राकृतिक पुल विश्वको सातौँ आश्चर्यमध्ये एक मानिन्छ, जुन पुल २१५ फिट उचाइ र ९० फिट चौडाइ रहेको तथ्याङ्कमा उल्लेख छ। उक्त पुल हेर्नका लागि विश्वका विभिन्न मुलुकका लाखौँ पर्यटक जाने गरेका छन्। पुल अवलोकनका लागि प्रतिटिकट नौ डलरको व्यवस्था गरिएको छ। पोखराको यस पुललाई पनि यसरी नै राष्ट्रिय अन्तरराष्ट्रियस्तरमा प्रचारप्रसार गर्न सकिए उत्कृष्ट पर्यटकीय गन्तव्य बन्नसक्ने प्रचुर सम्भावना छ।

# उपल्लो मुस्ताङमा नयाँ पुस्तालाई 'स्याब्रो र टुङ्ना' प्रशिक्षण

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १५ बैशाख

उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका-१ स्थित चराङमा नयाँ पुस्तालाई परम्परागत सांस्कृतिक नृत्य स्याब्रो र टुङ्नाबाजा बजाउने प्रशिक्षण दिइएको छ।

'ज्येष्ठ नागरिकमा रहेको परम्परागत ज्ञान सीप र अनुभव अन्तर पुस्ता हस्तान्तरण' कार्यक्रमअन्तर्गत लोघेकर दामोदरकुण्ड-१ चराङ गाउँका नयाँ पुस्तालाई परम्परागत सांस्कृतिक नाच स्याब्रो र टुङ्ना बाजाको प्रशिक्षण दिइएको हो। गण्डकी प्रदेश सरकार, उद्योग तथा पर्यटन मन्त्रालय र सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयअन्तर्गतको एकीकृत सेवा कार्यालय मुस्ताङले सोमबार परम्परागत ज्ञान सीप र अनुभव अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम आयोजना गरेको थियो। सो कार्यक्रमको समन्वय लोघेकर दामोदरकुण्ड गाउँपालिकाले गरेको थियो। स्थानीय लोपोन्मुख अवस्थामा रहेको स्थानीय सांस्कृतिक नाच स्याब्रो र टुङ्ना बाजालाई संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्ने उद्देश्यले अन्तर पुस्ता ज्ञान सीप र अनुभव हस्तान्तरण कार्यक्रम आयोजना गरिएको एकीकृत सेवा कार्यालयका प्रमुख निरपति दर्जीले जानकारी दिनुभयो। उक्त कार्यक्रममा चराङ मानेपेमे आमा समूहका ज्येष्ठ नागरिकले चराङ गुम्बा विद्यालय र आनी गुम्बा विद्यालयका विद्यार्थीलाई परम्परागत नाच स्याब्रो नाच्ने कलाको प्रशिक्षण गराइएको छ। त्यसैगरी परम्परागत टुङ्ना बाजाको प्रशिक्षण स्थानीय ज्येष्ठ नागरिक टैआङ्गे गुरुङले गर्नुभएको थियो। सदियौँ वर्षदेखि सांस्कृतिक धरोहरका रूपमा रहेको स्याब्रो नाच र परम्परागत बाजा टुङ्ना उपल्लो मुस्ताङको मौलिक संस्कृति रहेको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले उल्लेख गर्नुभयो। माथिल्लो मुस्ताङको महत्त्वपूर्ण चाडपर्वमा यसप्रकारको स्याब्रो नाच देखाइने गरिएको उहाँको भनाइ छ।

"स्याब्रो र टुङ्ना बाजा चाडपर्वमा देखाइने गरिन्छ, यसप्रकारको परम्पराले यहाँको मौलिक कला, संस्कृतिलाई जीवन्त राखेको छ", अध्यक्ष विष्टले भन्नुभयो, "पछिल्लो समय नयाँ पुस्ता विदेश पलायन हुने र गाउँघरमा भएका युवाले पनि आधुनिकतालाई पछ्याउँदै संस्कृति जोगाउन मुस्किल परेको छ।" उपल्लो मुस्ताङमा बर्सेनि मनाइने यार्तुङ पर्व, तिजी पर्व र धज्याङ पर्वलगायत सांस्कृतिक चाडपर्वमा स्याब्रो नाच र टुङ्ना बाजा बजाउने प्रचलन छ।


## शिक्षक आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०८३/०१/१६)

श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय पोखरा-१४, कास्कीका लागि निम्न लिखित रिक्त पदमा यस विद्यालय व्यवस्थापन समितिको मिति २०८३ वैशाख ०७ गतेको निर्णय अनुसार करार सेवामा शिक्षक नियुक्त गर्न आवश्यक भएकोले योग्यता पुगेका नेपाली नागरिकले यही वैशाख ३० गते अपरान्ह ४ बजे भित्र आफ्ना सम्पूर्ण शैक्षिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र सहित अन्य आवश्यक कागजातका प्रतिलिपि संलग्न गरी आफ्नै हस्ताक्षरमा दरखास्त लेखी यस विद्यालयमा बुझाउन अनुरोध छ।

| क्र.स. | पद | तह | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | शिक्षक | मा.वि.तह | सामाजिक | १ | स्नातकोत्तर वा सो सरह |

**तलब सुविधा** : नेपाल सरकारको नियमानुसार।
**परीक्षा दस्तुर** : १०००/-
**परीक्षा किसिम** : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने
**सम्पर्क मिति** : २०८३ साल बैशाख ३० गते
**अध्यापन अनुमति पत्र सम्बन्धमा** : सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्र अनिवार्य हुनुपर्नेछ।
**उमेर हद**: दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।
परीक्षा दस्तुर वापतको रकम राष्ट्रिय वाणिज्य बैंकको अमरसिंह चोकको विद्यालयको नाममा रहेको खाता नं ३४८०१०००१०७१३००१ मा जम्मा गरेको सक्कल भौचर वा अनलाईन पेमेन्ट भौचर निवेदन सहित संलग्न गर्नुपर्नेछ।
➥ **नोट**: यो आवासीय विद्यालय भएकाले विद्यालयको छात्रावासमा बसेर सहयोग पुर्‍याउनेलाई प्राथमिकता दिइनेछ।

**विस्तृत जानकारीको लागि सम्पर्क:**
**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय**
**पोखरा-१४, कास्की**
**सम्पर्क नं. ९८४६१४७६३६, ९८६६०१०४३६**


# मनकामना-गोरखा दरबारसम्मको म्याराथन दौड सम्पन्न

**पोखरापत्र संवाददाता**
गोरखा, १५ बैशाख

प्रसिद्ध धार्मिकस्थल मनकामना मन्दिरदेखि गोरखा दरबारसम्म म्याराथन दौड प्रतियोगिता सम्पन्न भएको छ। सोमबार सम्पन्न प्रतियोगिताको उपाधि तनहुँका सनम गुरुङले हात पार्नुभएको हो।

जिल्ला खेलकुद विकास समिति गोरखाको आयोजना तथा प्रदेश खेलकुद परिषद् गण्डकीको आर्थिक सहयोगमा सोमबार प्रतियोगिता भएको हो। मनकामनादेखि गोरखा दरबारसम्मको ४२ दशमलव १९५ किलोमिटर दौडमा प्रथम बनेका गुरुङले नगद रु ५५ हजार प्राप्त गरेको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष प्रेम तामाङले बताउनुभयो। गुरुङले दुई घण्टा ५९ सेकेण्डमा उक्त दौड पूरा गर्नुभएको थियो। त्त दौड मनकामना मन्दिरदेखि ताक्लुङ-तीनमाने-घैरुङ-नाम्जुङ-काउलेभङ्गार-बुङ्कोट-ढुङ्गागाढे-आहालेभञ्ज्याङ-बराहमन्दिर-हस्पिटल चोक-हरमटारी-बसपार्क-बिपी चौतारा-ठूलो आँगन-सतिपीपल-गैरीकुवा-हनुमानथान (गोरखाकाली मन्दिर) पुगेर टुङ्गिएको थियो।

महिलातर्फ कास्कीकी सपना गुरुङ प्रथम बन्नुभएको छ। चार घण्टा ५१ सेकेण्डमा दौड पूरा गरी प्रथम बन्नुभएकी गुरुङले रु ५५ हजार नगद पुरस्कार प्राप्त गरेको अध्यक्ष तामाङले जानकारी दिनुभयो। पुरुषतर्फको प्रतियोगितामा कास्कीका सफल लामा दोस्रो तथा कास्कीकै चेतनाथ चालिसे तेस्रो बन्नुभएको छ। क्रमशः तीन घण्टा १० मिनेट र तीन घण्टा २८ मिनेटमा दौड पूरा गरी रु ३० हजार र २० हजार प्राप्त गरेका छन्। प्रतियोगितामा सान्त्वना बनेका पर्वतका सन्तोष परियार र गोरखाका अञ्जन पौडेलले जनही रु पाँच-पाँच हजार नगद पुरस्कार प्राप्त गरेको आयोजकको भनाइ छ। मनकामनादेखि गोरखा दरबारसम्मको ४२ दशमलव १९५ किलोमिटर दौडमा महिलातर्फ तनहुँकी बिबिका लामा तेस्रो, नवलपुरकी डोलमाया महतो तेस्रो र नवलपुरकै सूर्यकुमारी महतो सान्त्वना स्थान प्राप्त गर्नुभएको छ। उहाँहरूले क्रमशः रु ३० हजार, २० हजार र १० हजार नगद पुरस्कारका साथमा प्रमाणपत्र प्राप्त गरेको खेलकुद विकास समिति गोरखाका अध्यक्ष प्रेम तामाङले बताउनुभयो।

यसैगरी, मनकामनादेखि तीनमानेसम्मको १० किलोमिटर दौडमा महिलातर्फ नवलपुरकी प्रकृति लुङ्गेली प्रथम, कास्की साधना परियार द्वितीय र तनहुँकी नम्रता गुरुङ तृतीय र पुरुषतर्फ कास्कीका बादल कार्की प्रथम, तनहुँका आदित्य जेसी द्वितिय र गोरखाका सविन सापकोटा तृतीय हुनुभएको छ। महिला र पुरुष दुवैतर्फ प्रथम, द्वितीय र तृतीय हुनेहरुले क्रमशः रु ३० हजार, २० हजार र १० हजार नगद पुरस्कार प्राप्त गरेको अध्यक्ष तामाङले जानकारी दिनुभयो।

मनकामनादेखि जुम्ली चौतारासम्मको पाँच किलोमिटर दौडमा पुरुषतर्फ गोरखाका सरोज गिरी प्रथम, तनहुँका कमल विक द्वितीय र म्याग्दीका सक्षम बोहोरा तृतीय हुनुभएको छ। महिलातर्फ पाँच किलोमिटर दौडमा तनहुँकी मनकुमारी लामा प्रथम, पर्वतकी सिम्रन थापा द्वितीय र स्याङ्जाकी विमला माया मान्नधर तृतीय हुनुभएको छ। महिला र पुरुष दुवैतर्फ प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः रु १५ हजार, सात हजार ५०० र रु पाँच हजार नगद पुरस्कार प्राप्त गरेका छन्। खेलक्षेत्रमार्फत जिल्लाको पर्यटन प्रवर्द्धन गर्ने उदेश्यले प्रतियोगिता आयोजना गरेको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तामाङले बताउनुभयो। प्रतियोगितामा सहभागीलाई यातायातसहित खान र बस्ने व्यवस्था आयोजकले गरेको थियो।

प्रदेशस्तरीय उक्त प्रतियोगितामा गण्डकी प्रदेशका ११ जिल्लाबाट खेलाडीले सहभागिता जनाएका थिए। जसमा गण्डकी प्रदेशभित्रका ११ जिल्लाबाट एक जना पुरुष र एक जना महिलाका दरले सहभागिता जनाएका तामाङको भनाइ छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.सं. १९८९/०१/०१ गते

स्वर्गारोहणः
वि.स. २०८३/०१/०५ गते

**स्व. होम कुमारी गुरुङ**

पोखरा महानगरपालिका वडा नं.२० विजयपुर डाँडागाउँ निवासी हाल पोखरा महानगरपालिका वडा नं. १३ लामो डहर बस्ने पूर्व शिक्षक धन प्रसाद गुरुङकी आमा तथा होमादेवी गुरुङकी सासुआमा **होम कुमारी गुरुङ** को ९४ वर्षको उमेरमा भएको दुःखद निधनले हामी ङोल्ह्रो कोन्मे विजयपुर परिवार अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। आज पितृकार्यको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि बुद्ध भगवान लगायत सम्पूर्ण भगवानसँग प्रार्थना गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**ह.ना.सु. पदम सिंह गुरुङ**
**अध्यक्ष तथा**
**ङोल्ह्रो कोन्मे विजयपुर डाँडागाउँ, गैरीगाउँ र छाचोक**
**भाइखलक समस्त परिवार, पोखरा**